# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल

## स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन कार्य गर्नको लागि शिलवन्दी दरभाउपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७।११।०७**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७७।०७८ को शिक्षा,युवा तथा खेलकुद शाखाको स्वीकृत वार्षिक कार्यक्रम तर्फ स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन कार्य गर्नको लागि रकम विनियोजित भए बमोजिम आगामी शैक्षिक शत्र २०७८।०७९को लागि स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन कार्य गर्न शिलवन्दी दरभाउपत्रको माध्यमाबट सेवा खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी तथा संस्थाहरुबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको शिलवन्दी दरभाउ आह्वान गरिएको छ ।

**शर्तहरु**

१.दरभाउ प्रथम पटक सूचना प्रकाशितभएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।००(अक्षेरुपी रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता,सम्बन्धीत कार्य गर्न नेपाल सरकारबाट प्रदान गरको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सूचिमा नहेको स्वघोषणा पत्र संलग्न राखी सम्बन्धित फर्म ,कम्पनी तथा संस्थाहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका शिक्षा,युवा तथा खेलकुद शाखाबाट दरभाउ सम्बन्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, कम्पनी तथा संस्थाहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलवन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचान नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२ :०० वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० वजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी वापतको रकम यस नगरपालिका कार्यालयको <u>माछापुच्छ्रे बैक लिमिटेड ढल्केवर शाखामा रहेको धरौटी खाता नं. १००१५२४७५८७१०७८</u> मा नगद जम्मा गरी सोको सक्कलै बैक भौचर वा सो रकम वरावरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैकबाट यस नगरपालिका कार्यालयको नाममा जारी गरिएको विड वण्ड (वोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विड वण्डको मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नभएको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५. दरभाउपत्र भर्दा स्पष्ट रुपमा भर्नुपर्ने छ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. दरभाउ सम्बन्धि थप जानकारी लिन परेका यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८.प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवम् दरभाउ सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९.यस सूचनामा नसमेटिएको अन्य विषयको हकमा सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावाली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१०. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म, संस्था वा कम्पनीको नामबाट दाखिला गर्न पाईने छैन ।

११. दरभाउपत्र साथ पशे गर्ने कागजातहरुको प्रतिलिपीहरु नोटरी प्बलिकबाट प्रमाणित समेत गरी पेश गर्नु पर्नेछ ।

१२.कुनै कारण नजनाई आशिंक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहने छ।

१३. प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website (www.mithilamun.gov.np) मार्फत जानकारी गराईनेछ ।

**तपसिल**

| सि.न | शिलवन्दी दरभाउपत्र नं. | कामको नाम वा विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा,युवा तथा खेलकुद शाखा ०२/२०७७।०७८ | स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन कार्य | १४,४०,४५६।२०(अक्षेरुपी चौध लाख चालिस हजार चार सय छपन्न रुपैया विस पैसा मात्र) | २.५ प्रतिशतले हुने रकम | |